प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष–१६ ।। अङ्क : १६० ॥ २०८१ श्रावण ०५ गते शनिबार (20th Jul 2024 Saturday) | Pratidin National Daily | मूल्य–रु.५/-

# चार दलले प्रधानमन्त्रीलाई विश्वासको मत नदिने

झापा(प्रस) । नेकपा माओवादी केन्द्रसहित प्रतिपक्षी तीन दलले वर्तमान सरकार संविधानको कमजोर जगमा टेकेर बनेको निष्कर्ष निकालेको छ। तीन दलले अहिलेको अवस्थामा कुनै पनि हालतमा प्रधानमन्त्रीलाई विश्वासको मत दिन नसक्ने निष्कर्ष पनि निकालेको छ। सिंहदरबारमा शुक्रबार बसेको माओवादीसहित रास्वपा र नेकपा एकीकृत समाजवादीका नेताहरूको बैठकले ठूला दुई दल कांग्रेस र एमालेको सरकार संविधान जगमा टेकेर बनेको निष्कर्ष निकालेको माओवादी केन्द्रका



उपमहासचिव वर्षमान पुनले जानकारी दिए। प्रधानमन्त्रीले विश्वासको मत नपाएपछि सरकार संविधानको ७६(३) अनुसार नयाँ सरकार गठन हुनुपर्नेमा संविधानको ७६(२) अनुसार गठन भएकाले यो विषयलाई सदनमा सशक्तरूपमा उठाउने सहमति भएको उनले बताए। सत्तापक्ष निरङ्कुश बन्न सक्ने खतरा, सुशासनलगायतको सुधारको कामबाट पछि हट्न गठबन्धन बनेको भन्दै उनले जनतामा देखिएको आशंकालाई प्रतिपक्षबाट सशक्त खबरदारी गर्ने बताए। त्यस्तै नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डेले प्रधानमन्त्रीले विश्वासको मतका विषयमा प्रतिपक्षी दल साझा धारणा बनाएर अघि बढने बताए। उनले भइरहेको सरकारलाई ढालेर नयाँ सरकार बनाउने प्रधानमन्त्रीलाई सदनमा विश्वासको मत माग्ने आधार नभएको जिकिर गरे।

बैठकमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहभागी थिए। त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिनिधिसभामा दरिलो प्रतिपक्षी भएर उभिने बताएका छन्।

लिङ्देनले राप्रपाले आइतबार प्रधानमन्त्री ओलीलाई विश्वासको मत पनि नदिने र समर्थन पनि नगर्ने बताएका छन् ।

उनले भने, 'हामीले संविधान संशोधनको एजेण्डा हुँदा समर्थन गर्नुपर्छ कि भन्ने केही मनसाय राखेका थियौं तर यो मुद्दा अहिले सेलाएर गएको छ। राप्रपाका अन्य मुद्दा र एजेण्डा पनि समावेश नहुने भएकाले अहिले ओलीलाई विश्वासको मत पनि दिँदैनौं र समर्थन पनि गर्दैनौं।'

राप्रपाले अगाडि सारेका एजेण्डामा वर्तमान सरकार लचिलो भए भविष्यमा सोच्ने विषय भएको उनले बताए । तीन प्रतिपक्षी दलबीच भएको छलफललाई आफूले समर्थन गरेको भन्दै राष्ट्रिय मुद्दामा आफू पनि प्रतिपक्षी भएको हिसाबले उनीहरुसँग संवाद र सहकार्य गरेर अगाडि बढ्ने समेत उनले दाबी गरे।

यसैबीच जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिने भएको छ। जसपा नेपालका नेता राजकिशोर यादवले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिने पुष्टि गरे। 'प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत दिन्छौं,' उनले भने। त्यस्तै जनमत पार्टीले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिने निर्णय गरेको छ । पार्टीको शुक्रबार बसेको बैठकले प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेको प्रवक्ता डा शरदसिंह यादवले जानकारी दिए ।

उनका अनुसार नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको साझेदारीमा गठन भएको वर्तमान सरकारले मधेस प्रदेशमा आफ्नो पार्टी नेतृत्वको सरकारलाई समर्थन गरेकाले संघीय सरकारका प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरिएको हो ।

जनमतको नेतृत्वमा कांग्रेस, एमाले, लोकतान्त्रिक समाजवादी (लोसपा)सहित मधेस प्रदेश सरकारले बिहीबार पूर्णता पाइसकेको छ । 'हाम्रो पार्टीको सुरुदेखि नै प्राथमिकतामा मधेस प्रदेश सरकार थियो । प्रदेशमा जनमतको नेतृत्वलाई कांग्रेस र एमालेले समर्थन गरेकाले संघीय सरकारलाई समर्थन गरेर जाने पार्टीको स्पष्ट नीति छ,' उनले भने ।प्रतिनिधिसभामा जनमत पार्टीका छ सांसद छन् ।

प्रधानमन्त्री ओलीले आइतबार विश्वासको मत लिँदैछन्। त्यसका लागि प्रधानमन्त्री ओलीले संसद सचिवालयलाई पत्र पठाएर जानकारीसमेत गराएका छन्।

नेपाली कांग्रेसको समर्थनमा एमाले अध्यक्ष ओली असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए। प्रधानमन्त्री ओलीले कांग्रेससहित अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलाई सरकारमा सहभागी गराएका छन्। प्रधानमन्त्री ओलीले प्रतिपक्षमा रहेका दलहरूसँग पनि विश्वासको मत माग्ने तयारी गरेको एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बताएका छन्।

# भद्रपुर भन्सारले उठायो शतप्रतिशत राजस्व




• **लक्ष्मी उप्रेती**

मेचीनगर । ६ वर्षअघि छोटी भन्सारबाट मुल भन्सार कार्यालयमा स्तरोन्नति भएको भद्रपुर भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८०/०८१ मा शतप्रतिशत राजस्व संकलन गरेको छ । विभिन्न समस्याका बावजुद भद्रपुर भन्सार कार्यालयले २४ करोड ३४ लाख २७ हजार ३६ हजार रुपैयाँ राजस्व संकलन गरेको भन्सार अधिकृत अमित तिवारीले जानकारी दिए ।

भन्सार विभागले भद्रपुर भन्सार कार्यालयलाई वार्षिकरुपमा १२ करोड ७८ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो । सीमित स्रोत साधनका बावजुद कार्यालयले अवैधरुपमा हुने चोरी पैठारी नियन्त्रणका लागि निकै सक्रियता बढाएको छ ।जसको परिणाम कार्यालयबाट संकलन भएको राजस्वले पुष्टि गरेको भन्सार अधिकृत तिवारीको भनाई छ । अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा कार्यालयले विभिन्न शीर्षकमा ९ करोड ४७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो ।

मेची भन्सार कार्यालय काँकरभिट्टा मातहतमा रहेका छोटी भन्सारमध्ये प्रमुख स्थानमा रहेको भद्रपुर छोटी भन्सारलाई मेची नदीमा पक्की पुल बनेपछि सरकारले स्तरोन्नति गरेको थियो । २०७५ भदौ १९ गते तात्कालीन अर्थमन्त्री डाक्टर युवराज खतिवडाले मुख्य भन्सारको रुपमा भद्रपुर भन्सार कार्यालयको उद्घाटन गरेका थिए ।

सीमापारी छोटी भन्सारमात्र हुनु, मुल भन्सारमा स्तरोन्नति भएपनि पूर्वाधारको समस्या रहनु , पर्याप्त जनशक्ति नहुनु , मेचीपारी पनि नेपाली गाउँ हुनुलगायत थुप्रै समस्या रहेको भन्सार प्रमुख तिवारी बताउँछन् ।

मेची खोलापारी मेचीनगर–१५ नम्बर वडामा पर्ने ग्वाल, सिसौडाँगी र झारु गरी तीनवटा बस्ती रहेका छन् । त्यस्तै साविक महेशपुर गाविसको २ नम्बर र हाल भद्रपुर नगरपालिकाको ३ नम्बर वडा मेचीपारी पर्दछ । त्यसैगरी, भद्रपुर ५ नम्बर वडाको केही भूभाग समेत मेचीपारी पर्ने भद्रपुर नगरपालिकाले जनाएको छ । ती बस्तीका कारण सामान आयात निर्यातमा समस्या हुने गरेको छ ।

'सञ्जीहरु नेपालतर्फ ल्याउँदा स्थानीय उत्पादन हो भन्ने गरिन्छ, यसले समस्या ल्याइरहेको छ' भन्सार कर्मचारीहरु भन्छन् । भारतको बिहार राज्यको गलगलिया, ठाकुरगञ्ज, किसनगञ्ज भएर भद्रपुर नाका हुँदै लत्ताकपडा, चिया उद्योगको प्याकिङका सामग्री तथा मेशिनरी पार्टस्, प्लाइउड, उद्योगको पाटपूर्जाको केमिकल ,फलफूल र खेतीपातीमा प्रयोग हुने विषादी प्रमुख रुपमा आयात हुने गरेको छ ।

**मुद्धाबाट मात्र १३ करोडबढी राजस्व**

कार्यालयले गत आर्थिक वर्ष २०८०/०८१ मा किनारा लगाएको मुद्धाबाट मात्र १३ करोड ३१ लाख १४ हजार ९५ रुपैयाँ राजस्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा सरीआएका दुईसय ९९ र गत आर्थिक वर्षमा दर्ता भएका चोरी पैठारीका नौसय ६६ गरी कुल एकहजार दुईसय ६५ वटा मुद्धामध्ये आठसय ८३ वटा किनारा लागेको र बाँकी चालु आर्थिक वर्ष २०८१/०८२ मा सरीआएको कार्यालयको मुद्धा शाखाले जनाएको छ ।

यो अवधिमा भन्सारका तर्फबाट आठ, सशस्त्र प्रहरीका तर्फबाट नौसय आठ र नेपाल प्रहरीका तर्फबाट ५० वटा मुद्धा दर्ता भएका थिए । अधिकांश मुद्धा चौपायासम्बन्धी छन् । कुल मुद्धामध्ये चौपायासम्बन्धी तीनसय बढी छन् । बाँकी खाद्यान्न, लत्ताकपडा, जुत्ता चप्पललगायतका छन् ।

## बेकरी उद्योग व्यवसाय संघ झापा

**प्रेस विज्ञप्ती**

यहि मिति २०८१-०२-१७ गते बिर्तामोड न.पा. वडा नं.-४ मा अवस्थित प्रशंसा बेकरी उद्योगका प्रोप्राइटर रमेश कुमार राजवंशीले बेकरी उद्योग व्यवसाय संघ झापालाई दिएको निवेदन प्रति बेकरी उद्योग व्यवसाय संघ झापाको ध्यानाकर्षण भएको छ । विगत १५ वर्ष देखि प्रशंसा बेकरी उद्योगले बिर्तामोड वडा नं.-४ अन्नपूर्ण रोड सुन्दर टोलमा आफ्नो निजी जमिनसँगै भोग चलनमा रहेको ऐलानी (गाउँ बल्क) मा उद्योगको संरचना बनाई उद्योग संचालन गर्दै आएकोमा सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्रका प्रमुख सदस्यहरुले संस्थाको जग्गा कि.न. ११६ को विवाद भनि संस्थाको पत्रमा अदालतको आदेशअनुसार भनि मिति २०८०/०१/३० गते प्रशंसा बेकरी उद्योगको संरचना हटाउने भनि संस्थाको प्रमुखहरुको तर्फबाट डोजर ल्याई उद्योगमा उद्योगीको निजी जमिन ऐलानी (गाउँ बल्क) साथै संस्थाको कित्ता नं. ११६ जग्गामा उद्योगीले बनाएको आर.सि.सि. पक्की संरचनामा उद्योग संचालनमा भईरहेको बेलामा कम्पनीमा डोजर चलाउँदा कर्मचारी र उद्योगीले प्रतिकार गर्दा बिर्तामोड ईलाका प्रहरी कार्यालयमा उद्योगी र कर्मचारीलाई हिरासतमा राखी उद्योगमा तोड फोड गरी ठूलो क्षती भएको देखियो । उक्त घट्ना अनाधिकृत रुपमा क्षती गरेको हुनाले अदालतमा क्षतिपूर्ती पाऊँ भनि मुद्दा दर्ता भई मुद्दा बिचाराधिन अवस्थामा रहेको बेला फेरि पुनः उद्योगमा क्षति गर्न खोज्दा उद्योगीले सम्बन्धित निकायमा लिखित रुपमा जानकारी गराउँदा गराउदै मिति २०८०/०७/१९ गते फेरि पुनः संस्थाको प्रमुखहरुको नेतृत्वमा डोजर ल्याई ऐलानी (गाउँ बल्क) मा बनेको सम्पूर्ण उद्योगको संरचना उद्योगीहरु नभएको समयमा ठूला मेसिनहरु, जेनेरेटर, औजारहरु पूर्ण रुपमा क्षति गरि काम नलाग्ने अवस्था बनाई खोला र बाटोको किनारामा बेवारिस अवस्थामा देखियो । यस प्रशंसा बेकरी उद्योगमा घटाएको घट्ना प्रति सम्बन्धित निकायले सत्य तथ्य कुराको छानबिन गरि पिडीत उद्योगीलाई छिटो भन्दा छिटो क्षतिपूर्ति दिलाईयोस् र दोषीहरुलाई कडा भन्दा कडा कार्बाही गरियोस् । बेकरी उद्योग व्यवसाय संघ झापाले यसरी अनाधिकृत रुपमा घटाएको घट्ना प्रति घोर विरोध गर्दै पिडीत उद्योगीलाई छिटो न्याय दिलाईयोस् भनि सम्पूर्ण सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

सचिव
दिनेश अधिकारी

अध्यक्ष
सुमन चिमरिया

## बगाएर ल्याउँदै गरेको चिरान काठ नियन्त्रणमा

झापा(प्रस) । कन्काई नदीमा बगाएर तस्करले ल्याउँदै गरेको चिरान काठ प्रहरीले बरामद गरेको छ । शुक्रवार बिहान अन्दाजी ४:३० बजेको समयमा शिवसताक्षी १० स्थित कन्काई नदीमा गाडीको टिउमा बाँधी अवैध रुपमा चिरान काठ बगाई ल्याइरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थाई प्रहरी चौकी माईधारबाट खटिएको प्रहरी टोली र गैडे सामुदायिक वन उपभोक्ता समितिसहितको टोलीले खोजी गरेको थियो । त्यसक्रममा अन्दाजी ५७ हजार बराबरको १९ क्यु.फिट चिरान काठ फेला परेको थियो । काठ नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि गैडे सामुदायिक वन उपभोक्ता समितिलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## इन्जिनियर्स एसोसिएसन बिर्तामोड च्याप्टरले मनायो स्थापना दिवस




झापा(प्रस) । नेपाल इन्जिनियर्स एसोसिएसन (नेइए) को बिर्तामोड च्याप्टरले ६२ औं स्थापना दिवस मनाएको छ । बिर्ताबजारस्थित काजी व्यांक्वेटमा कार्यक्रम गरी नेइएको बिर्तामोड च्याप्टरले स्थापना दिवस मनाएको हो । नेपाल इन्जिनियर्स एसोसिएसन बिर्तामोड च्याप्टरका भाइस प्रेसिडेन्ट बिशाल जवेगूको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड च्याप्टरलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर अन्तरक्रिया गरिएको कार्यक्रम संयोजक प्रभास थापा मगरले बताए । कार्यक्रममा करिव ३५ जना इन्जिनियरको सहभागिता रहेको थियो । कार्यक्रममा सहयोगी संस्थाहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।



# भुतपूर्व विद्यार्थी समाजले यस वर्ष पनि गुरु सम्मान गर्ने

बिर्तामोड(प्रस) । महेन्द्ररत्न माध्यमिक विद्यालय अनारमनीमा रहेको भुतपूर्व विद्यार्थी समाजले यस वर्ष पनि गुरु पूर्णिमाका दिन पूर्व शिक्षक , कर्मचारी , विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारीलाई सम्मान गर्ने भएको छ । गुरु पूर्णिमाका दिन साउन ६ गते ११ जना पूर्व शिक्षक , कर्मचारी , विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी र पोखरेलले बताए । विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरु स्व. काजी हरिभक्त खड्का र स्व. जय प्रतापजंग थापालाई मरणोपरान्त सम्मान गरिने उनले जानकारी दिए । त्यसैगरी अक्षयकोषका लागि एक लाख भन्दा बढी सहयोग गर्ने कमलराज विमली ' श्रद्धा विमली र विनु पोखरेल प्रसाई 'चम्पक प्रसाईलाई पनि सम्मान गरिने अध्यक्ष



अक्षयकोष दातालाई सम्मान गरिने भुतपूर्व विद्यार्थी समाजले जनाएको छ । शुक्रवार पत्रकार सम्मेलन गरी विद्यालयका पूर्व शिक्षक रहेका कांग्रेसका पूर्व महामन्त्री तथा राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौला , संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीलगायतलाई सम्मान गरिने जनाएको छ । त्यस्तै पूर्व शिक्षकहरु डिल्लीमाया सिटौला , दीर्घकुमारी श्रेष्ठ , लखनलाल राजवंशी, पूर्व कर्मचारीहरु हरिप्रसाद चौधरी , विषम शिवाकोटीलाई पनि सम्मान गरिने समाजका अध्यक्ष राजकुमार पोखरेलले बताए । भुतपूर्व विद्यार्थी समाजले लगातार तेस्रो वर्ष गुरु सम्मान गर्न लागेको हो । यसअघि समाजले २२ जनालाई सम्मान गरिसकेको छ । गुरु सम्मान कार्यक्रमका लागि रुपक थापाको संयोजकत्वमा समिति गठन गरी तयारी भइरहेको उपाध्यक्ष मदनगोपाल सुब्बाले बताए । त्यस्तै विभिन्न उपसमितिहरु पनि गठन गरिएको उनले बताए । गुरु सम्मानको कार्यक्रममा पूर्व विद्यार्थी रहेका राष्ट्रिय कलाकार विमल बुढाथोकीको सांगीतिक प्रस्तुती रहने जनाइएको छ ।

# हल्दिवारी गाउँपालिका र वन कार्यालयबीच पुरुवाको विवाद

झापा(प्रस) । हल्दिवारी गाउँपालिकाले भेलागुडी सिमसार क्षेत्रको पोखरी सफा गरेर प्रक्रियागत ढंगले निकालेको पुरुवा वितरण गर्ने बेलामा डिभिजन वन कार्यालयले रोकेपछि विवाद भएको छ ।

गाउँपालिकाका विभिन्न वडाका बाटोको खाल्डो पुर्नका लागि शुक्रवार बिहान पुरुवा बितरण गर्न खोज्दा डिभिजन वन कार्यालयले रोकेको थियो । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलासहित डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईको टोली आएर स्टक गरिएको पुरुवा वितरण गर्न रोकेको थियो । गत असार महिनामा हल्दिवारी गाउँपालिकाले भेलागुडी सामुदायिक वन समितिको क्षेत्रभित्र रहेको पोखरी सफाई गरी त्यहाँबाट करिव ३४५ ट्रयाक्टर पुरुवा निकालेको थियो । सो पुरुवा भेलागुडीकै वनक्षेत्रमा स्टक राखिएको थियो । सोही स्टक पुरुवा वितरण गर्न वन कार्यालयले रोकेको गाउँपालिका अध्यक्ष रविन्द्र लिङ्देनले बताए । उनले सबै प्रक्रिया पुर्याएर र वन समितिसंग सहमति गरेर पोखरी सरसफाई गर्दा निस्किएको पुरुवा वितरण गर्न खोज्दा अवरोध आएको बताए ।
डिभिजन वन कार्यालयले भने भेलागुडी वनक्षेत्रबाट निकालिएको सो पुरुवा लिलामी गरेर आम्दानी आफ्नो कार्यालयको खातामा जम्मा गर्नुपर्ने बताएको थियो । डिभिजन वन कार्यालय र प्रहरी प्रशासनको कुरा स्थानीय जनप्रतिनिधिहरुले मानेनन् । उनीहरुले स्टक गरिएको पुरुवा वितरण गर्न थालेका छन् । वडा नं १ र २ का लागि ७०-७० ट्र्याक्टरको दरले र वडा नं ३,४ र ५ का लागि ६०-६० ट्र्याक्टरका दरले पुरुवा वितरण गर्न थालिएको गाउँपालिका कार्यालयले जनाएको छ । भेलागुडी सामुदायिक वन समितिसंग सहमति गरिसकेपछि पोखरी सफाई गर्ने बेलामा जिल्ला समन्वय समितिका प्रमुख , प्रमुख जिल्ला अधिकारी , डिभिजन वन कार्यालयका प्रमुखसहितलाई अनुगमनका लागि बोलाएको जनाइएको छ ।

# मोटरसाइकल चालकको मृत्युपछि फरार बस कन्डक्टर सिटौला पक्राउ

झापा(प्रस) । आफूले चलाएको बसले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएपछि फरार भएका प्रदेश १-०१-००१ ख ३४२३ नम्बरको बसका कन्डक्टर तीन दिनपछि पक्राउ परेका छन् ।
बस कन्डक्टर शिवसताक्षी नगरपालिका वडा न. ६ बस्ने अन्दाजी २७ वर्षीय पुण्य सिटौलालाई बुधवार राति १० बजे भारतको पानीटंकीबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।
दुर्घटनापछि फरार भएका सिटौलालाई खोजी गर्ने क्रममा भारतको पानीटंकीमा लुकिरहेको अबस्थामा पक्राउ गरेको उनले जानकारी दिए ।
असार ३१ गते साँझ कन्काईमा कन्डक्टर सिटौलाले चलाएको बसले मोटरसाइकललाई ठक्कर दिँदा



मोटरसाइकल चालकको मृत्यु भएको थियो । साँझ अन्दाजी ७ बजेको समयमा कन्काई नगरपालिका वडा नम्बर २ पवित्रा पेट्रोल पम्पनजिक पूर्वपश्चिम राजमार्गमा विराटनगरबाट काँकडभिट्टातर्फ आउँदै गरेको प्रदेश १-०१-००१ ख ३४२३ नम्बरको बसले बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै गरेको को १९ प ६२८२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक कमल गाउँपालिका वडा न. ५ बस्ने बर्ष अन्दाजी ४१ का लक्ष्मीप्रसाद सुब्बाको मृत्यु भएको हो ।धरानबाट काँकडभिट्टातर्फ आउने क्रममा सो बसले दिउँसो ४.३० बजे बेलवारीमा अर्को मोटरसाइकललाई ठक्कर दिएको थियो । बसले मोटरसाइकल चालकलाई सामान्य ठक्कर दिई सवारी दुर्घटना हुँदा बस चालक ईलाम माई नगरपालिका वडा नम्बर ८ बस्ने अन्दाजी बर्ष २२ का सागर थुलुङ राई सोही स्थानमा झरी घाइते पक्षसंग छलफल गर्न बसेका थिए । सोही स्थानबाट बसका कन्डक्टर सिटौलाले चलाई ल्याउने क्रममा दुर्घटना भएको थियो । सिटौलासंग सवारी चालक अनुमतिपत्र रहेको बताइएको छ । प्रहरीले बसका चालक राई र सह-चालक बिराटनगर महानगरपालिका वडा नम्बर २ बस्ने वर्ष अन्दाजी १९ का दिपेश दर्जीलाई पनि नियन्त्रणमा लिएको थियो ।

# मेलमिलापसम्बन्धी आधार भूत तालिम शुरु



भद्रपुर(प्रस) । नेपाल बार एशोसिएसनको समन्वय तथा झापा बारको आयोजनामा मेलमिलापसम्बन्धी ८ दिने आधार भूत तालिम शुरु भएको छ ।
शुक्रबार एक कार्यक्रमका बीच उच्च अदालत विराटनगरका न्यायाधीश किरण पौडेलले तालिमको उद्घाटन गरे ।
तालिममा झापाका ३० जनाभन्दा बढी कानुन व्यवसायीहरुको सहभागिता रहने झापा बारका सचिव सन्तोष प्रसाईले बताए ।तालिममा न्यायाधीशहरु वामदेव ज्ञवाली, रामप्रसाद पौड्याल,तेजबहादुर खड्का,अशोक बस्नेत ,वरिष्ठ अधिवक्ता टंकप्रसाद उप्रेतीलगायतले प्रशिक्षण दिने सचिव प्रसाईले जानकारी दिए । नारायणप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा स्वागत उपाध्यक्ष भिम बराल र संचालन सचिव प्रसाईले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि न्यायाधीश पौडेल, न्यायाधीश प्रकाश अधिकारी ,नेपाल बार एशोसिएसन केन्द्रीय उपाध्यक्ष सुरज खत्री, बरिष्ठ अधिवक्ता टंकप्रसाद उप्रेतीलगायतले मन्तव्य राखेका थिए ।

## दमकमा आगलागी, २५ लाख बराबरको क्षति

दमक(प्रस) । शुक्रवार साँझ दमकमा भएको आगलागीबाट २५ लाख बराबरको क्षति भएको छ । साँझ ५.२० बजेको समयमा दमक नगरपालिका वडा न.६ बस्ने अशोक श्रेष्ठको ४ तले पक्की घरमा वडा नं.७ बस्ने ४७ वर्षीय संजय रौनियारले भाडामा लिई संचालन गर्दै आएको कपडाको गोदाममा आगलागी भएको हो । दोस्रो तलाको पूर्वपट्टिको कपडाको गोदाममा अचानक बिद्युतको लाईन सर्ट भई आगलागी हुँदा गोदाममा रहेका साडी र थान कपडा पूर्ण रुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । उक्त आगो इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोली, दमक नगरपालिकाको दमकल र स्थानीयबासीहरुको सहयोगमा साँझ ५:३० बजे पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# एसिया कपमा नेपालले युएईलाई ६ विकेटले हरायो

झापा(प्रस) । एसीसी महिला एसिया कपमा नेपालले युएईलाई ६ विकेटले हराएको छ। श्रीलंकाको धम्बुलामा शुक्रबार भएको खेलमा नेपालले सुखद सुरुवात गरेको हो। युएईले दिएको ११६ रनको लक्ष्य नेपालले १६.१ ओभरमा पूरा गरेको थियो। बनाइन्। त्यसअघि सीता राना मगरले ७ रन, कविता कुँवरले २ रन, इन्दु बर्माले ६ रन र रुबिना क्षेत्रीले १० रन बनाए । टस हारेर ब्याटिङ गरेको युएईले निर्धारित ओभरको खेलमा ८ विकेटको क्षतिमा ११५ रन बनाएको थियो।
युएईलाई ११५ रनमै रोक्न




नेपालका लागि सम्झना खड्काले विष्फोटक ब्याटिङ गरेपछि नेपालले जित सुनिश्चित गरेको हो। खड्काले सर्वाधिक ७२ रन बनाइन्। ४५ बलमा उनले ११ चौका प्रहार गर्दै अविजित रहिन्।

त्यस्तै नेपालका लागि पूजा महतोले अविजित ७ रन कप्तान इन्दु बर्माले ३ विकेट लिइन्। त्यस्तै सबनम राई, कविता जोशी र कृतिका मरासिनीले एक-एक विकेट लिए।
युएईका लागि खुसी शर्माले सर्वाधिक ३६ रन बनाइन्। त्यस्तै कभिसा इगोडेजले २२, समाइराले १३ र इशा ओजाले १० रन बनाए ।

# हात्तीको आक्रमणबाट कोशीमा १० जनाको मृत्यु



झापा(प्रस) ।गत आर्थिक वर्षमा कोशी प्रदेशमा हात्तीको आक्रमणबाट १० जनाको ज्यान गएको छ भने २५ जना घाइते भएका छन् । सोही अवधिमा पाँच वटा हात्ती मरेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।
प्रहरीका अनुसार गत आवमा हात्तीको आक्रमणबाट झापा, मोरङ र सुनसरीका १० जनाको मृत्यु भएको हो । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता भीमबहादुर दाहालले हात्तीको आक्रमणबाट ज्यान गुमाउनेमा सबैभन्दा बढी झापा जिल्ला रहेको जानकारी दिए । उनले झापामा एक वर्षको अवधिमा छ, सुनसरीमा तीन र मोरङमा एक जनाको ज्यान गएको बताए ।

"झापाको मेचीनगर नगरपालिका-४ स्थित प्रसाद गौडाबाट गत वर्षको कात्तिकमा पसेका रैथाने हात्ती ३५ भन्दाबढी हात्तीको समूहले ठूलो धनजनको क्षति गरेको थियो । सोही अवधिमा झापामा चार वटा र मोरङमा एउटा हात्ती मरेका थिए", प्रवक्ता दाहालले भने । उनले एक वर्षको अवधिमा हात्तीको आक्रमणबाट झापामा १४, इलाममा एक, मोरङमा तीन, सुनसरीमा पाँच र उदयपुरमा दुई गरी २५ जना घाइते भएको जानकारी दिए ।

हात्तीको आक्रमणबाट ज्यान गुमाउनेलाई सरकारले रु १० लाख क्षतिपूर्तिस्वरुप प्रदान गर्दै आएको छ । घाइतेको उपचारका लागि रु २५ हजारदेखि रु एक लाखसम्म उपलब्ध गराउँदै आइएको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,हल्दिवारी गाउँपालिका वडा नं.१मा बस्ने श्री बच्चुलाल यादवका छोरा,श्री मुगालाल यादवको मिति वि.सं.२०८०/११/०८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गोलधापमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका झट्केला छोरा जोगीन्दर सिंहले मिति वि.सं.२०८१/०३/२७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np



## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,शिवसताक्षी नगरपालिका वडा नं.-४ मा बस्ने श्री कृष्ण प्रसाद चुडालका नाति,श्री लय प्रसाद चुडालका छोरा,श्री रुद्र प्रसाद चुडालको मिति वि.सं.२०८१/०२/२१गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगन्जमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती मेनुका देवी डाँगीले मिति वि.सं.२०८१/०४/०२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# युवा पलायन रोक

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारी र अध्ययनका लागि आठ लाख ५५ हजारभन्दा धेरै नेपाली युवाले मुलुक छोडेको तथ्यांकले देखाएको छ। यसभन्दा अघिल्लो वर्ष झन्डै नौ लाख युवाले वैदेशिक रोजगारी र अध्ययनका लागि मुलुक छोडेका थिए। यसले मुलुकमा आर्थिक अवसरहरू सीमित रहेको संकेत गर्छ।

वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष सात लाख ४१ हजार २९७ जना नेपालीले वैदेशिक रोजगारीका लागि अनुमति लिएका (पुनः स्वीकृति समेत) थिए। यो अघिल्लो वर्षका तुलनामा केही थोरै हो। आव २०७९/८० मा वैदेशिक रोजगारीका लागि सात लाख ७१ हजार ३०० भन्दा बढी युवाले वैदेशिक रोजगारीका लागि अनुमति लिएका थिए।

यसमा कामका लागि भारत गएका र अवैध तरीकाले वैदेशिक रोजगारीमा गएकाको संख्या भने जोडिएको छैन। संसारका १४९ देश जानका लागि अनुमति लिइएको थियो।

त्यस्तै, गत वर्ष एक लाख १४ हजार हाराहारी युवाले वैदेशिक अध्ययनका लागि अनुमति लिएको देखिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार गत आर्थिक वर्षको जेठ मसान्तसम्म एक लाख चार हजार ८९८ युवाले विदेशमा अध्ययनका लागि अनुमति (नो अब्जेक्शन लेटर) लिएका थिए। असारको अन्तिम तथ्यांक उपलब्ध भइसकेको छैन। वैदेशिक अध्ययनका लागि अनुमति पाउनेको संख्या अघिल्ला महीनाको औसतलाई आधार मान्दा असारसम्म एक लाख १४ हजारभन्दा बढी हुन पुग्छ। यो संख्या अघिल्लो वर्षका तुलनामा केही धेरै हो। आव २०७९/८० मा एक लाख १० हजार २१७ जना विद्यार्थीले वैदशिक अध्ययनका लागि अनुमति लिएका थिए।

जेठसम्म अध्ययनका लागि अनुमति लिएका तीनमध्ये एक जना जापानका लागि छन्। वैदेशिक अध्ययनका लागि अनुमति लिनेमध्ये १५ प्रतिशत क्यानडा र १३ प्रतिशत अस्ट्रेलियाका लागि छन्। त्यसैगरी, १०.७ बेलायत र ८.९ प्रतिशत संयुक्त राज्य अमेरिकाका लागि छन्।

बितेको तीन दशकयता कामका लागि विदेश जाने क्रम बढे पनि पछिल्ला वर्षमा त्यो गति झन् बढेको छ। कोभिड–१९ महामारीका वेला विदेश जाने क्रम घटे पनि त्यसयताका तीन वर्षमा त्यो तीव्र गतिमा बढेको हो। आव २०७८/७९, २०७९/८० र २०८०/८१ का तीन वर्षमा मात्रै २१ लाख ५० हजार नेपालीले वैदेशिक रोजगारीका लागि अनुमति (पुनः स्वीकृति समेत) लिएका छन्। यसमा वैदेशिक रोजगारीका लागि अनुमति नचाहिने भारतमा गएका तथा अवैध तरीकाले वैदेशिक रोजगारीमा गएकाको संख्या जोडिएको छैन।

नेपालको मुख्य श्रम गन्तव्यमध्ये भारत पनि एक हो। नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० का अनुसार नेपालमा भित्रिने वैदेशिक रेमिटेन्सको १५ प्रतिशत हिस्सा भारतबाट आउँछ। यसले भारतमा कामका लागि जाने नेपालीको संख्या पनि उल्लेख्य रहेको आकलन छ।

गत वर्ष वैदेशिक रोजगारीमा जानेमध्ये १०.८ प्रतिशत महिला छन् भने बाँकी पुरुष छन्। गत वर्ष नेपालीहरूका प्रमुख श्रम गन्तव्यका रूपमा संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरब, कतार र मलेशिया देखिएका छन्। वैदेशिक रोजगारीमा गएकामध्ये यी चार मुलुकमा मात्रै ७७ प्रतिशत छन्।

गत वर्ष वैदेशिक रोजगारीमा गएकामध्ये सबैभन्दा धेरै धनुषाका छन्। धनुषाका ३९ हजार १०७ जना कामका लागि विदेश गएका थिए। त्यसैगरी, झापाका ३४ हजार ३६२, मोरङका ३१ हजार ९७, सिरहाका ३० हजार ९३० र महोत्तरीका २७ हजार ३५० जना कामका लागि विदेश गए। विदेश पलायन हुनेको अवस्था भयावह छ । राज्यले नीति र कार्यक्रम बनाएर युवा पलायन रोक्न अब ढिलो गर्नु हुन्न ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सामाजिक सञ्जालमा 'रिप' लेख्ने फेसन



• अजयकुमार झा

जीवनका तीन आयाम छन्– जन्म, जीवन र मृत्यु । प्राणीका स्वभाव र आवश्यकताअनुसार न्यूनतम गर्भमास पूरा भएपछि आमाका गर्भबाट भ्रुण बाहिर निस्कनु नै जन्म हो । जन्म आफ्नो इच्छाले हुँदैन ।

जीवात्मा अर्थात् प्राणीको जीवनको अन्त्यलाई मृत्यु भनिन्छ । यसरी जन्मदेखि मृत्युबिचको कालावधि नै जीवन कहलाउँछ । जीवनको मुख्य अङ्ग एक चेतन तत्त्व हो, जो जीवनका सबै क्रियाको साक्षी हुन्छ ।

बुद्धिमान, सर्वश्रेष्ठ प्राणी मानिसले अन्त्यमा प्रकृतिका सामु घुँडा टेक्नुपर्छ । अर्थात् प्रकृतिको यो उत्कृष्ट र महान् रचना मानिसको मृत्यु हुन्छ । मानिसले चाहेर पनि मृत्युमाथि विजय प्राप्त गर्न सकेको छैन । मृत्यु नै अन्तिम सत्य हो । सायद त्यसैले अमरत्वको अर्थ 'मृत्योर्मा अमृतं गमय' भएको होला तर मानिसले अर्कै अर्थ लगाउन पुगे ।

जन्म प्राकृतिक घटना अवश्य हो, तर यो शाश्वत सत्य होइन । त्यस्तै जीवन अनित्य हो, माया हो भनेर भनिन्छ । चराचर ग्रह, नक्षत्र आदि सबै अनित्य हुन् । जसको उत्पत्ति छ, त्यसको अन्त्य निश्चित छ । नित्य के कुरा छ त ? त्यो भिन्दै विषय हो ।

श्रीमद्भागवतमा श्रीकृष्ण भन्छन्-
यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

अर्थात् जब-जब धर्मको हानि हुन थाल्छ र अधर्म बढ्न थाल्छ, तब तब म स्वयंको सृष्टि गर्छु अर्थात् जन्म लिन्छु । सज्जनको रक्षा एवं दुष्टको विनाश गर्न र धर्मको पुनःस्थापनाका लागि म विभिन्न युग (काल) मा अवतरित हुन्छु ।

यस कथनले जन्म प्रक्रियालाई पनि सुनिश्चित अर्थात् शाश्वत घटनाको रूपमा लिनुपर्ने देखिन्छ, यो कथन मात्र कुनै व्यक्ति विशेषको जन्मलाई सुनिश्चित गर्न अपर्याप्त छ ।सनातन धर्ममा मोक्ष वा निर्वाण र पुनर्जन्म गरी दुई प्रकारका सिद्धान्त छन् । कि त मोक्ष मात्र हुनुपर्छ (अर्थात् पुनः जन्म लिननपर्ने) अथवा पुनर्जन्म मात्र हुनुपर्छ । जीवनको उद्देश्य भने मोक्ष वा निर्वाणलाई मानिएको छ । मोक्ष वा निर्वाण प्राप्त नभएसम्म मानिसले पुनः पुनः जन्म लिइरहनुपर्छ भनिएको छ ।

मानिसले कर्मका आधारमा विभिन्न योनि (जीव रूप) मा जन्म लिनुपर्ने भन्दै गर्दा अरू जीवले पनि जन्ममाथि जन्म लिई रहनुपर्ने अवस्था देखिन्छ ।

मृत्यु एक अटल सत्य हो । मृत्यु भनेको सबै जैविक तत्वहरूको स्थायी, अपरिवर्तनीय समाप्ति हो । मृत्यु एक प्राकृतिक व्यवस्था हो, जुन सम्पूर्ण जीवहरूमा लागू हुन्छ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वभरि प्रत्येक दिन करिब ३,८५,००० व्यक्तिको जन्म हुन्छ र करिब १,५०,००० व्यक्तिको मृत्यु । यो गणितले हामीलाई यो बताउँछ कि जन्म र मृत्युको घटना हरक्षण घटित भइरहेको हुन्छ ।

मृतकप्रति जति नै माया स्नेह भए पनि पार्थिव शरीरलाई धेरैबेर घरमा राख्न सकिन्न । त्यसैले अन्त्येष्टिको विधि-विधान प्रारम्भ गरिन्छ । आ-आफ्ना धर्म, प्रचलन, संस्कृति, रीतिरिवाज, प्रथा, परम्परा अनुसार श्राद्ध कर्म गरिन्छ ।

'आरआईपी' एक संक्षिप्ति हो, जसको रोमन लिपिमा रेस्ट इन् पिस भन्ने हुन्छ, अर्थात् ' शान्तिपूर्ण अवस्थामा आराम गर' । वस्तुतः यस्तो भावको अभिव्यक्ति त्यस्ताका लागि हो, जसको अन्त्येष्टि पार्थिव शरीरलाई चिहानमा गाडिन्छ, न कि जलाइन्छ ।

आफन्त वा शुभचिन्तकले शोकाकुल परिवारप्रति समवेदना व्यक्त गर्छन् । आजकल सामाजिक सञ्जालको जमाना छ । फेसबुक, ट्विटर आदिबाट शुभकामनादेखि समवेदनासम्म व्यक्त गरिन्छ । खासगरी मृत्यु शोक पर्दा शोक सन्देश दिनेको लहर सुरु हुन्छ । शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्दा वा मृतकलाई श्रद्धाञ्जली दिँदा के कस्ता शब्द प्रयोग गर्ने भन्नेमा ध्यान दिनुपर्ने हुन्छ ।

खासगरी मानिसको नीतिमा रोमन लिपिमा रिप (आरआईपी) लेख्ने फेसनजस्तै भएको छ । वास्तवमा 'आरआईपी' लेख्नेहरू धार्मिक अर्थमा सचेत छैनन् जस्तो देखिन्छ ।

कसलाई भनिन्छ 'रिप' ?

'आरआईपी' एक संक्षिप्ति हो, जसको रोमन लिपिमा रेस्ट इन् पिस भन्ने हुन्छ, अर्थात् ' शान्तिपूर्ण अवस्थामा आराम गर' । वस्तुतः यस्तो भावको अभिव्यक्ति त्यस्ताका लागि हो, जसको अन्त्येष्टि पार्थिव शरीरलाई चिहानमा गाडिन्छ, न कि जलाइन्छ । इसाई वा इस्लाम धर्ममा पार्थिव शरीरलाई चितामा जलाइँदैन, चिहानमा गाडिन्छ । हिन्दुहरूले पार्थिव शरीर जलाउने गर्छन् । हुन त हिन्दु धर्ममै पनि साधु संन्यासीको पार्थिव शरीरलाई नजलाई भूमि समाधि वा जल समाधि दिने परम्परा छ ।

त्यसैले 'मृतकलाई भावपूर्ण श्रद्धाञ्जली', 'हार्दिक श्रद्धाञ्जली', 'अत्यन्त दुःखद !' 'श्रद्धासुमन', ' हार्दिक श्रद्धासुमन अर्पण' तथा 'शोकाकुल परिवार जनप्रति हार्दिक समवेदना', 'ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून्' आदि भन्न वा लेख्न सकिन्छ ।

इसाई वा इस्लाम धर्ममा यो विश्वास गरिन्छ कि मर्नेहरू वास्तवमा पूर्ण रूपमा मरेका हुँदैनन् । उनीहरू त्यस दिन मर्छन्, जुन दिन कयामत आउनेछ । कयामतको दिनमा सबै मरिबसेकाहरूको जीवन कर्महरूको मूल्याङ्कन गरिनेछ र त्यही मूल्याङ्कनका आधारमा उनीहरूमध्ये जो जन्नत (स्वर्ग) जाने ठहरिन्छन्, तिनलाई जन्नतमा र जो दोजख (नर्क) जाने ठहरिन्छन्, तिनलाई दोजखमा पठाइनेछ । यसरी जन्नत वा दोजखमा पठाइसकेपछि उनीहरूको मृत्युले पूर्णता पाउनेछ । त्यसैले कतिपय रोमन राजाहरूदेखि लिएर पोपसम्मको पार्थिव शरीरलाई चिहानभित्र वा सुरक्षित घरभित्र राखिएको देखिन्छ । इस्लाम धर्ममा पनि मजार भनेको त्यस्तै ठुला व्यक्तिहरूको पार्थिव शरीर राखिएको एक तरहको चिहान नै हो । हिन्दु धर्ममा पनि ठुलाबडालाई जहाँ जलाइएको हुन्छ, त्यहाँ समाधि गृह निर्माण गर्ने चलन छ, तर यी दुईमा यो भिन्नता छ कि हिन्दु विश्वास के हो भने अमुक व्यक्तिको मृत्यु पूर्णरूपमा भइसकेको छ र जुन स्थानमा अन्त्येष्टि गरियो त्यो स्थान पवित्र स्थान हो । अन्य धर्ममा मृत्यु नै अपूर्ण छ भन्ने मान्यता हुन्छ । त्यसैले पूर्ण मृत्यु प्राप्त नहुँदासम्म 'रेस्ट इन् पिस' अर्थात् शान्तिका साथ आरामले बस भनिएको हो ।

हिन्दु धर्मको मान्यता अनुसार शरीर नश्वर हो, आत्मा अमर हो । हिन्दुहरूलाई मेरेर जलाइएको छ, त्यसैले उनको 'आराममा शान्ति' भन्ने प्रश्न छैन । श्राद्धकर्म आत्मालाई अर्को आध्यात्मिक यात्रा (आत्माको परमात्मामा मिलनको यात्रा) का लागि गति प्रदान गर्न मात्र गरिन्छ । आत्माका बारेमा श्रीमद्भागवत गीतामा श्रीकृष्णले भनेका छन्– 'नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः । न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥'

अर्थात् 'यो आत्मा अजर अमर छ, यसलाई न त आगोले जलाउन सक्छ, न त पानीले भिजाउन सक्छ, न त हावाले सुकाउन सक्छ र न त कुनै शस्त्रले खण्डित गर्न सक्छ ।'

यसर्थ सामाजिक सञ्जालमा व्यक्तिको निधनमा समवेदना प्रकट गर्दा– 'मृतकलाई भावपूर्ण श्रद्धाञ्जली', 'हार्दिक श्रद्धाञ्जली', 'अश्रुपूरित श्रद्धाञ्जली', 'बैकुण्ठवास होस्', 'नमन', ' अशेष नमन', 'कोटिकोटि नमन', 'सादर नमन', ' शतशत नमन', 'हार्दिक नमन', 'अत्यन्त दुःखद !' 'श्रद्धासुमन', 'हार्दिक श्रद्धासुमन अर्पण' तथा ' शोकाकुल परिवार जनप्रति हार्दिक समवेदना', 'ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून्' भनी भन्न वा लेख्न सकिन्छ ।

यस्तै अझ धेरै लेख्न मन लागे, 'यो संसार प्रकृतिको नियमको अधीन छ', 'हुनुहुनामीलाई कसले टार्न सक्छ र !', 'दुःखको यस घडीमा म तपाईंको साथमा छु', आदि आदि ।

# संसदमा धोकेबाज हौ तिमी, धोकेबाज!

नवराज पराजुली

संसदमा 'धोकेबाज हौ तिमी, धोकेबाज हौ तिमी' भन्ने गीत बजिरहेको छ जस्तो लाग्थ्यो।

माइक पछाडि उभिएका पुष्पकमल दाहाल 'प्रचण्ड' ले केपी ओलीतिर हेरेर त्यही गीतमा अभिनय गरिरहेजस्तो देखिन्थ्यो।

यही दृश्यसहित प्रचण्ड प्रधानमन्त्रीको पदबाट बाहिरिए।

एक कमसल कलाकार कुर्सीबाट बाहिरिए। अर्का कमसल कलाकार कुर्सीमा बसे।

नेपालीमा एउटा उखान छ – तातो कराइबाट हाम फालेर भुंग्रोमा...!

उखान सुरूमा कसरी बने होलान् भन्ने कुरामा मलाई खुब रूचि छ। यो उखान कसरी बन्यो होला त?

सायद कसैले एउटा जिउँदो माछालाई भकभकी तेल उम्लिरहेको कराइमा हाल्यो होला। तातोले पोलेपछि त्यो माछा आत्तिएर उफ्रियो होला। र, कराइमुन्तिरको झन् तातो आगोको भुंग्रोमा खस्यो होला त्यो विचरा!

यो दृश्य देखेको मान्छेको जीवनमा पनि त्यस्तै केही हविगत भयो होला। उसलाई आफू त्यो माछाजस्तो लाग्यो होला। र, उसको मुखबाट फुत्त निस्कियो होला – म तातो कराइबाट हाम फालेर भुंग्रोमा परेजस्तै भएँ।

अहिले देशले पनि भन्दै होला – म फेरि तातो कराइबाट हाम फालेर भुंग्रोमा परेजस्तै भएँ।

मलाई हाम्रो देश माछाजस्तै लाग्छ। म जतिजति संसारका अरू देश घुम्छु, त्यति त्यति हाम्रो देश झन् दुर्लभ माछाजस्तो लाग्छ। यो देश बचाउन चाहनेले उसलाई पौडिन र चारो खोज्न खोला वा पोखरी बचाइदिए पुग्छ। तर दाउराको युगमा हुर्केका पार्टीहरूले त्यो माछालाई कसरी आफ्नो घरको भान्सामा पकाउन मिल्छ भनेर आगोको भुंग्रो बनाइरहे। नयाँ पार्टीहरू दाउराको युगमा हुर्किएका थिएनन्। त्यसैले उनीहरूले भुंग्रो बनाएनन्। बरू बिजुलीबाट माछा पकाउने एयर-फ्रायर लिएर आए। सायद सबै पार्टीमा केही थिए जो माछा बचाउन चाहन्थे। दुई-चार जना मात्रै मिलेर खोला बचाउन गाह्रो हुँदो हो!

नेपाली राजनीतिको सिनेमा हलमा अहिले प्रचण्डको सिनेमा उत्रिएको छ। र, ओली र देउवा (शेरबहादुर) को सिनेमा लागेको छ। हामीले प्रचण्ड, देउवा वा ओली तीनै जनाले बनाएको सिनेमा विगतमा हेरिसकेका छौं। र, यी तीनैले बनाएको सिनेमामा सधैं पैसा, समय र ऊर्जाको सत्यानास मात्र देखियो। अहिले हलमा हालीमुहाली भएकाले देउवा र ओलीले यो सिनेमा मनलाग्दी चलाउन सक्छन्। यो सिनेमा जति चले पनि फेरि जनताकै पैसा, ऊर्जा र समयको सत्यानास हुनेछ।

यो फिल्म चलिरहँदा म यतिखेर झापाको मेरा गाउँको चिया पसलका काका-बडाबाहरूलाई सम्झिरहेको छु। उहाँहरू पार्टीको नेता होइन। पार्टीमाथि वर्षौंदेखि आस्था राख्ने सामान्य किसान हो। जिउज्यान दिएर आफूले फलाएको धानको भाउ सुनेर जब मनै मरेर आउँछ, तब यसो मन बहलाउन उहाँहरू चिया पसलमा भेला हुनुहुन्छ। आ-आफ्ना पार्टीको पक्ष लिएर एकअर्कासँग गफिनु हुन्छ। तर कहिलेकाहीं यो गफ नमीठो झगडामा पनि बदलिन्छ। पार्टीको मन बचाउन खोज्दा आफ्नो गाउँलेको मन दुखाउनुहुन्छ। श्रोताका रूपमा त्यो चिया पसलमा हुँदाको म एउटा घटना सम्झिन्छु।

२०७४ सालतिरको कुरा हो। काठमाडौंमा हल्ला चलिरहेको थियो कि, चुनाव आउने बेलामा नेकपा एमाले र नेकपा माओवादी एउटै पार्टीका रूपमा मिसिन लागेका छन्। काठमाडौंको हल्ला जे भए पनि, झापाको त्यो गाउँका काकाहरू एमाले र माओवादी एउटै पार्टी हुन सक्छ भन्ने मान्न तयार हुनुहुन्न थियो।

एमालेका काकाहरूले माओवादीका काकाहरूलाई भन्नुहुन्थ्यो, 'माओवादीले हाम्रा मान्छे मारेका छन्। मार्ने र मर्नेको पार्टी एउटै कसरी हुन्छ?'

माओवादीका काकाहरू जबाफ दिनुहुन्थ्यो, 'कांग्रेस, एमालेले देशको शोषण गरेको भएर माओवादीले हतियार उठाउनुपरेको हो। शोषक र शासितको पार्टी एउटै कसरी हुन्छ?'

कांग्रेसी काकाहरू भन्नुहुन्थ्यो, 'त्यसैले त भनेको, यस्तो सिद्धान्त नमिल्ने पार्टीसँग मिल्ने पनि पार्टी हो? त्यही पनि चुनावका लागि! कुर्सीका लागि! नेपाली कांग्रेस यसरी कहिल्यै मिल्छ?'

काकाहरूलाई आआफ्नो पार्टी फरक हुन् भन्ने लाग्नुका दुइटा कारण थिए।

एक – बेला बेला गाउँमा ती पार्टीहरूको प्रशिक्षण कार्यक्रम हुन्थ्यो। गाउँका काकाकाकी, दिदीबहिनीहरूलाई आफ्नो पार्टीको सिद्धान्त अरू पार्टीको भन्दा कसरी फरक हो भनेर पढाइन्थ्यो। त्यो पढाउने मान्छे काठमाडौंबाट आएका हुन्थे।

नेपालमा यो दुर्घटना बारम्बार भइरह्यो, काठमाडौंले पढाएको कुरा मोफसलको गाउँले सधैं पत्याइरह्यो।

दोस्रो – काकाहरूलाई आफ्ना नेताका बारेमा अलिअलि थाहा थियो तर नेताको नियतको बारेमा फिटिक्कै थाहा थिएन।

त्यो दिन चियापसलमा काकाहरूको त्यो बहस यो हदसम्म पुग्यो कि, हानाहान नै होलाजस्तो भयो। त्यसपछि कति जनाको त बोलचाल नै बन्द भयो। आफ्नो सानो गाउँमा मिलेर बसेका गाउँलेहरू आफ्नो पार्टी फरक हो भन्ने प्रमाणित गर्ने नाममा एकअर्कासँग छुट्टिए।

जसका लागि 'अर्को' सँग झगडा गरिन्छ, त्यो सबैभन्दा 'आफ्नो' हो।

आफ्नो पार्टी फरक हो भन्ने झगडामा काकाहरू ती मान्छेसँग छुट्टिन तयार हुनुभयो जो आफ्ना जन्ती थिए। वा, मलामी हुनेछन्।

मलाई लाग्छ, यस्तो झगडा झापाको त्यो गाउँमा मात्रै होइन, नेपालका धेरै चिया पसलमा, क्याफेहरूमा, चौतारीमा, भट्टीहरूमा, बैठकहरूमा भए होलान्। विदेशमा बसेका नेपालीहरूबीच पनि भयो होला।

आफ्नो अप्ठ्यारोमा काम नलागेको पार्टी र नेताका लागि जनताहरू आफ्नो अप्ठ्यारोमा काम लाग्ने गाउँ-छिमेकीसँग लडे। र, फरक चिह्नमा भोट पनि हालिरहे। उनीहरूले सधैं मानिरहे कि, आफ्नो पार्टी अर्कोभन्दा फरक हो।

चिया पसलको त्यो झगडाको केही महिनापछि काठमाडौंमा आफ्ना टाउके नेताहरूले एमाले र माओवादी एउटै भएको घोषणा गरे। ओली र प्रचण्डले एक अर्कालाइ चुमे। र, मञ्चमा उक्लिएर उर्लिँदै, कुर्लिँदै भने, 'एमाले र माओवादी अब एउटै पार्टी हो।'

त्यस दिन त्यो चिया पसलमा के भयो होला?

सायद काकाहरू त्यो दिन लाजले चिया पसलमा जाँदै जानुभएन होला। गइहाल्नुभएको भए पनि एकअर्कालाई नदेखेजस्तो गरी तीतो चिया खानुभयो होला।

कांग्रेसका काकाहरूले चाहिँ मुसुमुसु हाँस्दै भन्नुभयो होला, 'खुच्चिङ! मैले भनेकै हो नि! पार्टी भनेको त सिद्धान्त हो, सिद्धान्त नमिल्नेसँग पनि कोही मिल्छ! कांग्रेसलाई हेर्नु त!'

त्यो दिन एमाले र माओवादीका काकाहरूको ' गजब बेइज्जती' भयो होला।

त्यो दिन नेताहरूले उहाँहरूको झगडाको खिल्ली उडाए।

जसका लागि 'अर्को' सँग झगडा गरिन्छ, त्यो सबैभन्दा 'आफ्नो' हो।

त्यो दिन आफ्नो मानेकाले आफ्नो खिल्ली उडाए। परायाले भन्दा आफन्तले खिल्ली उडाउँदा बढी दुख्छ।

तर जनताको भोट र विश्वासको खिल्ली उडाउने सिलसिला त्यहाँ रोकिएन। हामी एउटै हौं भनेर एकअर्कालाई चुमेका ओली र प्रचण्डको ब्रेक-अप भयो। प्रधानमन्त्री हुने लोभको ललिपप देखिएपछि उनीहरूको फेरि प्याच-अप भयो। हुँदा हुँदा, घटना पछि यहाँसम्म पुग्यो कि, चुनाव र कुर्सीका लागि देउवा र प्रचण्डले समेत एकअर्कालाई चुमे। कम्युनिस्ट र कम्युनिस्ट मिल्नुसम्म त कल्पना गर्न सकिन्थ्यो, तर माओवादी र कांग्रेसले पनि पुच्छर जोडेको यिनै आँखाले देख्नुपर्‍यो। कपालको रौं पनि नमिल्ने पार्टीले एकअर्काका लागि भोट मागेको सुन्नुपर्‍यो।

पार्टीका सिद्धान्तहरूले पालैपालो त्रिशूलीमा हाम फालेर आत्महत्या गरे। उनीहरूको अपुस्ट लास भारतमा भेटियो।

ती सोझा जनताहरू जो आफ्नो पार्टी फरक हुन् भन्दै देशका चिया पसल, चौतारीहरूमा छिमेकीसँग लडिरहे, उनीहरूको खुलेआम खिल्ली उडाइयो।

विगत दस वर्षमा प्रचण्ड, ओली र देउवा (र, कथित केही नयाँहरू) ले एकअर्कालाई फरक फरक समयमा गरेको प्रशंसा र गालीको भिडिओ मात्रै हेर्ने हो भने थाहा हुन्छ, उनीहरूलाई एकअर्कामा विश्वास छैन। आफूमै पनि विश्वास छैन।

सुरक्षित गाडी चलाउन सक्छु भन्ने आफैलाई विश्वास नभएको चालकले चलाएको गाडीको सिटमा छौं हामी नेपाली। र, हाम्रा सडक त हामीलाई थाहै छ।

नेताहरूले हामी नेपाली पुग्ने गन्तव्यको खिल्ली उडाए।

हलो जोतिरहेको बेला सोच्ने खुब समय हुन्छ। त्यो बेला किसानले बुन्ने सपनामा उसको नेता पनि हुन्छ। बाँच्नका लागि सबभन्दा सुन्दर ठाउँ कसैको सपना हो।

नेताहरूले जनताको सपनाको खुलेआम खिल्ली उडाए।

किराना पसलमा ग्राहक पर्खिरहेका बेला सोच्ने खुब समय हुन्छ। त्यो बेला पसलेले देख्ने भविष्यमा उसको नेता पनि हुन्छ। कसैको भविष्यमा बस्न पाउनु वर्तमानमा पाइने सुन्दर सुख हो।

नेताहरूले जनताको भविष्यको खुलेआम खिल्ली उडाए।

यो कुरा बिर्सिनु हुँदैन कि, इतिहासमा यिनै नेता र पार्टी जनताको स्वतन्त्रताका लागि लडेका हुन्। आज यो लेखकले यति स्वतन्त्र भएर चित्त नबुझेको कुरा बोल्न पाउने अवस्था सिर्जना गर्न पनि यिनै पार्टीको योगदान छ। यिनै पार्टीको पसिना र रगत यो देशका जेल, जंगल र सडकमा पोखिएका छन्।

ती सारा सफा नियतलाई केही निश्चित नेताहरूले भने आफ्नो निजी कम्पनी बनाएर मैलो बनाइरहे। यिनीहरूलाई केवल आफ्नो तीन कुरा बचाउनु थियो – शक्ति, सम्पत्ति र अहम। यो बचाउन यिनीहरूले जनताको त्यो काँचो रगत र पसिनालाई मारे जो उनीहरूको एक बोलीमा सडकमा बगेको थियो। जंगलमा बगेको थियो।

नेताहरूले जनताको काँचो रगतको खिल्ली उडाए।

फरक फरक समयमा हरेक सरकारमा कोही न कोही मन्त्री थिए जो आफ्नो ठाउँबाट देशमा केही बचाउन चाहन्थे। तर तिनका पार्टीका शीर्ष नेताहरूले आफ्नो दलालीको अहम बचाउने हुँदा उनीहरूको मन्त्रालय नै बचेन। आफ्नै पार्टीका शीर्ष नेताको शक्ति-मोहको कोपभाजनमा परेर यी सच्चा सपना बोकेका मन्त्रीहरूका योजना अकालमै मरे।

त्यसैले हे अप्रिय पार्टीहरू,

हामी जनतालाई थाहा भइसक्यो, (कुनै कुनै पार्टीका कोही कोहीबाहेक) तपाईंहरू सबै एउटै हो। म यहाँ तपाईंहरू सबै 'एउटै ड्याडको मुला हो' लेख्न सक्थें। तर मुलाको पनि एउटै ड्याडमा हुने एउटा भरपर्दो सिद्धान्त हुँदो हो। मलाई मुलाको खिल्ली उडाउन मन लागेन।

म तपाईंहरू सबै 'कुर्सीका लागि रङ फेर्ने छेपारो हो' लेख्न सक्थें। तर छेपारोको पनि रङ फेर्नुमा एउटा भरपर्दो सिद्धान्त हुँदो हो। मलाई छेपारोको खिल्ली उडाउन मन लागेन।

हे अप्रिय पार्टीहरू,

जनतालाई हेप्ने तपाईंहरूको यो रवैया देखेर हामीलाई अब तपाईंहरूबाट खासै केही अपेक्षा छैन। तपाईंहरू हुञ्जेल र 'साँच्चैको नयाँ' कुनै नआउञ्जेल हामीले धेरैखाले दुःख त खेप्नैपर्ने भयो। तर अब हामीलाई एउटा दुःखबाट चाहिँ मुक्त गरिदिनुस्। अब हामीलाई फरक फरक पार्टी भनेर चुनावमा फरक फरक चिह्नमा भोट हाल्न नलाउनुस्। हामीलाई थाहा भइसक्यो, चिह्न फरक भए पनि तपाईंहरू एउटै हो। फरक चिह्न बनेको नै फरक चिन्नलाई हो। तपाईंहरू चिनिनुभएन। अब सबैको चिह्न एउटै बनाउनुस्।

चिह्न एउटै बनाउन मन नलागे तपाईंहरू सबै सल्लाह गरेर, तपाईंहरूले छानेको मान्छेको फोटोलाई नै चिह्न बनाउनुस्।

बाहिर जनतालाई जति भुल्याए पनि तपाईंहरूलाई त आफ्नो नियत थाहा छ। त्यसैले तपाईंहरूले भित्रभित्रै सल्लाह गरेर त्यो मान्छेको फोटोलाई पार्टीको चिह्न बनाउनुस्। त्यसैलाई चुनाव चिह्न बनाउनुस्। र, जो साँच्चै फरक हो, उहाँहरूले चाहिँ आआफ्नो चिह्न बनाउनुस्। प्रतिपक्षमा बरू थोरै होऊन्, तर हामीले ती अनुहार देख्न नपरोस्, जसले प्रतिपक्षमा हुँदा जे जे गर्न हुँदैन भन्छन्, पछि सरकारमा गएर त्यही गर्छन्। र, त्यो सानो प्रतिपक्षले कुनै दिन ठूलो मन भएको सरकार बनाओस्।

तपाईंहरूले जनताको त खिल्ली उडाउनु नै भयो, अब चिह्नहरूको चाहिँ खिल्ली नउडाउनुस्। हाम्रो देश त्यस्तो सभ्यतामा हुर्किएको हो जहाँ चुनाव चिह्न बिम्ब हुन्। बिम्बको गरिमा हुन्छ। बिम्बको खिल्ली नउडाउनुस्।

मैले एउटा 'स्कुल' शीर्षकको कविता लेखेको थिएँ। त्यसको भिडिओमा पात्रको मुखमा महला लगाइएको छ। महला वस्तुभाउलाई खेतीबाली खान नदिन मुखमा लगाइदिने बाँसको जिनिस हो। भिडिओको त्यो मान्छेको मुखमा महलाको साटो मास्क लगाइदिएको भए त्यसको अर्थ अर्कै हुन जान्थ्यो। हाम्रो देशको कला, संस्कृति र साहित्यमा चिह्नको उचाइ अर्कै छ, तपाईंहरूले गरेजस्तो खेलाँची होइन।

तपाईंहरूको घिनलाग्दो हर्कत देख्दा तपाईंहरूको पार्टीको चिह्नलाई पनि घिन लाग्दो हो।

यो देशका हरेक जातिले आआफ्नो संस्कृति अनुसार फरक फरक चिह्नलाई उच्च गरिमा दिएर बचाएका छन्। तपाईंहरूले चिह्न बेच्नुभयो। अब तपाईंहरू हाम्रो प्रतिनिधित्व गर्न लायक हुनुहुन्न।

म यही दोहोर्‍याउन चाहन्छु – फरक चिह्न बनेको नै फरक चिन्न हो। तपाईंहरू चिनिनुभएन। अब सबैको एउटै चिह्न बनाउनुस्।

# चट्याङबाट २२ जनाको मृत्यु

झापा(प्रस) । असार २५ गते बाँकेमा चट्याङ लागेर दुई जना महिलाको ज्यान गयो। राप्तिसोनारी-२ कचनापुर हरिहरपुरकी ३२ वर्षीया सम्झना विक र ३२ वर्षकै बसन्ती उपाध्यायको चट्याङबाट मृत्यु भयो। खेतमा धान रोप्दै गरेको अवस्थामा उनीहरूलाई चट्याङ लागेको थियो। सोही ठाउँकी ३० वर्षीया सलिना विक चट्याङ लागेर गम्भीर घाइते भइन्। उनको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ।

असार १४ गते दाङमा चट्याङ लागेर खेतमा काम गर्दै गरेकी ४० वर्षीया भूमिसरा बुढा मगरको मृत्यु भयो। राजपुर-२ मटेरियाकी मगरलाई खेतमा काम गरिरहेको अवस्थामा साँझ साढे ७ बजे चट्याङ लागेको थियो।

असार १४ गते नै चट्याङ लागेर सर्लाहीमा एक जना महिलाको मृत्यु भयो। बागमती नगरपालिका-१ सर्लाहीकी ६४ वर्षीया गोमा आलेमगरलाई खेतमा काम गरिरहेको अवस्थामा चट्याङ लागेको थियो। सर्लाही लालबन्दीकी मंगल कामीको घरमा चट्याङ पर्दा पूर्णरूपमा घर नष्ट भयो। सर्लाहीकै ईश्वरपुर नगरपालिकामा चट्याङ पर्दा ६ वटा घरमा क्षति पुगेको थियो।

यी त केही उदाहरण हुन्। काम गर्दागर्दै होस् या आँगन पिँढीमा बसिरहेकै बेलामा किन नहोस्, एक्कासि आकाशबाट आएको चट्याङमा परेर सर्वसाधारणले ज्यान गुमाइरहेका छन्। प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार मनसुन सुरु भएयता (जेठ २८ गतेदेखि यता) २२ जनाको चट्याङबाट ज्यान गएको छ। ३५ जना चट्याङकै कारण घाइते भएका छन्। नेपाल प्रहरीका प्रवक्ता दानबहादुर कार्कीका अनुसार मनसुन सुरु भएयता चट्याङको विपद् पनि बढिरहेको छ। प्रायः पानी पर्ने, गड्याङगुडुङ गर्ने र इन्द्रेणी लागेको समयमा चट्याङ बढी पर्ने गरेको छ।



विगत एक वर्षमा चट्याङ लागेर ५१ जनाले ज्यान गुमाए। २२५ जना चट्याङको कारण घाइते भएका छन्। गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डिजन भट्टराईका अनुसार चट्याङबाट हुने मानवीय क्षति बढिरहेको छ। उनी भन्छन्, 'चट्याङ रोकथाम गर्न नसकिए पनि यसबाट हुने क्षति कम गर्न प्राधिकरणले काम गरिरहेको छ। यो विषयमा डिटेल अध्ययन अनुसन्धान गर्न आवश्यक भएकाले प्राधिकरणले छिट्टै नै अध्ययन सुरु गर्ने बताए। उनका अनुसार चट्याङबाट मृत्यु भएकालाई निश्चित क्षतिपूर्ति र घाइतेले उपचार खर्च स्वरूप केही राहत दिने व्यवस्था रहेको छ।

किन पर्छ चट्याङ?

चट्याङविज्ञ श्रीराम शर्माका अनुसार सामान्यतया चट्याङ चैत महिना सुरु भएपछि बढी पर्ने गर्छ। प्रायः मनसुन सुरु हुनुअघिको समयमा चट्याङ बढी पर्ने गरेको पाइए पनि योपटक मनसुन सँगसँगै यस्ता घटना बढी भए। मनसुन सुरु हुनुअघि प्रायः दिउँसो २ बजेपछि चट्याङ बढी पर्ने गरेको पाइन्छ भने मनसुन सुरु भइसकेपछि पानी पर्नुअघि र परिसकेपछि पनि चट्याङ परेको देखिएको छ। मनसुनमा बादल सधैंभरि नै भइरहने हुँदा कतिबेला पर्न सक्छ पूर्वअनुमान गर्न नसकिने उनको तर्क छ।

शर्मा अगाडि भन्छन्, 'चट्याङकै कारण ०६८ सालयता कुनै वर्ष १३२ जना त कुनै वर्ष ११२ जनाको मृत्यु भएको देखिन्छ। जेहोस् सयौं जनाले चट्याङकै कारण वार्षिक ज्यान गुमाउँछन्। पछिल्लो २-३ वर्षमा मृत्यु हुनेको संख्या कम र घाइते बढी भएका छन्। मनसुन पूर्व, मनसुनपश्चात् भदौमा र असार साउनमा पनि तुलनात्मक रुपमा चट्याङ बढी पर्छ। चट्याङ के कारणले पर्छ ठोकुवा गर्न नसकिए पनि कालो जलवाष्फयुक्त बादलको कारण चट्याङ पर्ने शर्मा बताउँछन्। उनी भन्छन्, 'सेतो बादल छ भने चट्याङ पर्दैन। बादलभित्र उथलपुथल हुँदा तापक्रम घटिबढी हुन्छ, बढी जोखिम हुन्छ। नेपालमा दक्षिणपूर्वी भूभाग झापा, मोरङमा बढी चट्याङ पर्छ। चुरेबेल्ट पनि जोखिमपूर्ण छ। नारायणीको किनार र तनहुँ एरियामा तुलनात्मकरूपमा चट्याङ बढी पर्ने गरेको छ। तराईका भूभाग पनि जोखिमपूर्ण छन्। तराई र बीचको जोड्ने भूभागहरू खतराको जोनमा छन्। पहाडी भूभागमा दिउँसोको समय र तराई भूभागमा साँझ बिहानको समयमा बढी चट्याङ पर्ने शर्माको तर्क छ। वायुमण्डलमा भएको नाइट्रोजनलाई विभिन्न अक्साइडहरूमा परिवर्तन गर्न र नाइट्रोजन साइकल बन्ने प्रक्रियाका लागि चट्याङ लाभकारी भएको बताउँदै शर्माले यसलाई पूर्ण न्यूनीकरण गर्न नहुने र क्षति कम गर्ने विषयमा तयारी गर्नुपर्ने जानकारी दिए।

# ज्यान जोखिममा राखेर काठदाउरा सङ्कलन



झापा(प्रस) । सप्तकोशी नदीमा सुनसरी र सप्तरीका कोशी आसपास क्षेत्रमा बाढी र पानीमा बगेर आउने काठदाउरा सङ्कलनमा स्थानीयको भिड लागेको छ । कोशी नदी किनारमा भाला, डोरी, डुङ्गाको सहायताले काठदाउरा सङ्कलनमा लागेकाको भिड बढेको हो ।

असारदेखि भदौसम्म कोशी नदीमा बाढी आउन सक्ने र डुबान हुन सक्ने भएकाले कोशी किनारमा आवतजावत तथा नाउ सञ्चालनमा समेत सरकारले रोक लगाएको भएपनि त्यसको बेवास्ता गर्दै नाउ/डुङ्गाको सहायताले काठदाउरा सङ्कलनमा स्थानीय जुटिरहेका छन् ।

स्थानीय देवराज यादवले दैनिक सयौंको संख्यामा कोशी नदी किनारदेखि कोशी ब्योरज पुलसम्ममा काठदाउरा सङ्कलनमा स्थानीय जुट्ने गरेको बताउछन् । वराहक्षेत्र नगरपालिकाको राजाबास, महेन्द्रनगर र मधुवन क्षेत्रमा काठदाउरा सङ्कलन गर्नेको भिड लागेको स्थानीय दिनेश मण्डलले जानकारी दिए ।

वराहक्षेत्र नगरपालिकाको राजाबास घाटमा मात्रै दैनिक पाँचदेखि ११ वटा नाउ काठदाउरा सङ्कलन गर्न प्रयोग हुने गरेको छ । प्रतिनाउमा पाँच जानका दरले एक पटकमा ५५ जनासम्म कोशीमा पस्ने गरेको अर्का स्थानीय सन्तोष चन्द्रवंशीले जानकारी दिए । सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले जलमार्गमा निषेध गरिएकोले कोही कसैले निर्णयविरुद्ध गरेको भए कारबाही हुने प्रतिक्रिया दिए ।

# सुनिताको 'बिजुली चमक्क'

झापा(प्रस) । गायिका सुनिता बुढाक्षेत्रीको तिज गीत 'बिजुली चमक्क' सार्वजनिक गरिएको छ । गीतमा सङ्गीतकार कस्तुप पन्तको शब्द र सङ्गीत रहेको छ ।



सार्वजनिक भएको २४ घण्टामा एक लाख ७४ हजारले हेरिसकेको 'बिजुली चमक्क' गीतको भिडियोको निर्देशन स्मृति तिमिल्सेनाले गरेकी छन् । करण चैसिरको छायाङ्कन र शिव पौडेलको सम्पादन रहेको भिडियोको निर्माण उमङ फिल्मले गरेको हो । भिडियोमा अञ्जली अधिकारीको नृत्य देख्न सकिन्छ । चलचित्रको गीत शैलीमा निर्माण गरिएको भिडियोमा कोरसको प्रयोग गरिएको छ ।

# दुई लाख ३१ हजार भक्तजनद्वारा पाथीभराको दर्शन

झापा(प्रस) । एक वर्षको अवधिमा दुई लाख ३१ हजार तीन सय ३४ भक्तजनले पाथीभरा देवीको दर्शन गरेका छन् ।



पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङवाङका अनुसार आव २०८०/८१ को असारमा मात्र दुई हजार सात सय ५६ जनाले देवीको दर्शन गरेका हुन् । आवको २०८०/८१ पहिलो महिना अर्थात् गत साउनामा एक हजार एक सय २२ तीर्थयात्रीले पूजापाठ गरेका थिए । यसैगरी भदौमा पाँच हजार, असोजमा १० हजार तीन सय ४३ जनाले पाथीभरामा पुगेर पूजापाठ गरेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

पाथीभरामा विशेषगरी बडादसैं र वसन्त ऋतुको समयमा भक्तजनको चाप बढ्ने गरेको देखिन्छ । बडादसैंपछि चैतेदसैं (रामनवमी)का समयमा धेरै तीर्थयात्री यहाँ आउने गर्दछन् । यहाँ भारत र अन्य देशबाट पनि भक्तजन आउने गरेका छन् । कात्तिक अर्थात् दसैंको समयमा ४९ हजार एक सय ६३ भक्तजन पाथीभारमा पूजापाठ गरेको समितिले जनाएको छ ।

समितिका अनुसार मङ्सिरमा २० हजार चार सय १६, पुसमा पाँच हजार छ सय ५५ र माघमा छ हजार चार सय एकजनाले पूजापाठ गरेका छन् । त्यस्तै फागुनमा १७ हजार नौ सय १२ र चैतमा ५२ हजार चार सय ५५ भक्तजनले पूजापाठ गरेका छन् । जेठमा आठ हजार छ सय २९ र असारमा दुई हजार सात सय ५६ जना भक्तजनले पाथीभरा देवीको दर्शन गरेको समितिले जनाएको छ ।

# पहिरोले फक्ताङलुङ गाउँपालिकामा क्षति

झापा(प्रस) । फक्ताङलुङ गाउँपालिकाको आवासीय क्षेत्रमा पहिरोले क्षति भएको छ । बिहीवार राति वर्षासँगै खसेको पहिरोले गाउँपालिकाको सभाकक्षसहित आवासीय क्षेत्रमा क्षति भएको हो ।

अविरल वर्षासँगै राति २ बजे गएको पहिरोले फक्ताङलुङ गाउँपालिका भवनसँगै रहेका घरमा क्षति भएको फक्ताङलुङका अध्यक्ष राजन लिम्बूले जानकारी दिए । गाउँपालिका कार्यालयसँगैको सुवास लिम्बूको घर तथा होटल पूर्ण रूपमा क्षति भएको छ । पार्किङ गरिएको गाउँपालिकाको गाडी र मोटरसाइकल पुरिएको गाउँपालिका अध्यक्ष लिम्बूले बताए ।

अध्यक्ष लिम्बूले भने,"सामान्य पहिरो राति १२ बजेदेखि सुरु भएपनि ठूलो पहिरो राति २ बजे गएको थियो । पालिका केन्द्र आवासीय क्षेत्रका बासिन्दा समयमै सुरक्षित क्षेत्रमा जान सफल भएकाले मानवीय क्षतिबाट बच्न सकियो ।" बाढीले बिजुलीको पोल बगाएको, पशुचौपाया पहिरोमा परेका तथा क्षतिको विवरण सङ्कलन हुन बाँकी रहेको तापेथोक प्रहरी चौकी प्रमुख सुरेश सिंजालीले बताए ।

उनले भने, "हाम्रो चौकी उच्च जोखिममा छ । पहिरो खस्न थाल्यो, नजिकबाट बग्ने तमोरमा पानीको तह बढ्दै गएकाले बाढी र पहिराको जोखिम तापेथोक छ ।"

# ओलम्पिकमा सहभागी हुन जाने नेपाली टोलीको बिदाइ

झापा(प्रस) ।राष्ट्रपति रामचन्द्र पौडेलले ३३औं गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी हुन जाने नेपाली खेलाडीलाई सफलताको शुभकामना प्रदान गर्दै बिदाइ गरेका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रवार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले खेलाडीलाई शुभकामनासहित बिदाइ गरेका हन् । सो अवसरमा उनले खेल राष्ट्रलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने सबैभन्दा उपयुक्त माध्यम भएको बताउँदै उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न आग्रह गरे ।



राष्ट्रपति पौडेलले गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी खेलाडीले देशको प्रतिष्ठा उच्च बनाउने विश्वास व्यक्त गरे । उनले दृढ सङ्कल्प र अठोटका साथ ओलम्पिकमा सहभागी हुन खेलाडीलाई सुझाव दिए ।

सोही कार्यक्रममा राष्ट्रपति पौडेलले पेरिस ओलम्पिकको 'सेभ द मिसन' रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई नेपालको राष्ट्रिय झण्डा हस्तान्तरण गरेका थिए । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उच्च मनोबलका साथ खेल प्रदर्शन गर्न आग्रह गर्दै सफलताको शुभकामना प्रदान गरे ।

खेलाडीको बिदाइ कार्यक्रममा युवा तथा खेलकुदमन्त्री चौधरीसहित नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, ३३औं गृष्मकालीन पेरिस ओलम्पिकमा नेपालका तर्फबाट प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षकलगायतको सहभागिता थियो ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: आज रोकिएका काम पुन: सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष**: आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन**: अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट**: मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह**: । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या**: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दु:ख

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन**: आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने